# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, चैत १७ गते २०३८ साल (अतिरिक्ताङ्क ६७ (ख)

### निर्वाचन आयोगको

### सूचना

निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा ५.क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०३९ सालमा हुने स्थानीय पञ्चायतको निर्वाचनमा विभिन्न पदको निर्वाचनको लागि उम्मेदवार हुने व्यक्तिले निर्वाचनमा देहायबमोजिम खर्च गर्न पाउने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. जिल्ला सभाको सदस्य, गाउँ सभाको सदस्य र गाउँ पञ्चायतको सदस्य पदको लागि बढीमा रू. १,५००।– पन्ध्र सयसम्म ।
२. जिल्ला पञ्चायतको सदस्य, गाउँ पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च, नगर पञ्चायतको सदस्य र नगर सभाको सदस्य पदको लागि बढीमा रू. ५,०००।– पाँच हजारसम्म ।
३. नगर पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च पदको लागि बढीमा रू १५,०००।– पन्ध्र हजारसम्म ।
४. जिल्ला पञ्चायतको सभापति र उप-सभापति पदको लागि बढीमा रू २०,०००।– बीस हजारसम्म ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ।

627

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 622